"समुन्नत,सुरक्षित र वातावरण मैत्री सुन्दर सहर : सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

# पूर्व बजेट छलफल कार्यक्रम

## (आर्थिक वर्ष ०७६/०७७)

## अवधारणा-पत्र


## तिलोत्तमा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

फोन : ०७१-५६२९७९,५६१२३० फ्याक्स : ०७१-५६२६५२

Email :tilottamamun@gmail.com

Web :tilottamamun.gov.np

क) **विषय प्रवेश :**

- स्थानीय तहको निर्वाचन पछिको तेस्रो बजेटको रुपमा आ.व. ०७६/०७७ को बजेट प्रस्तुत गर्दैछौ । पहिलो वर्षतत्कालिन स्थानीय निकाय एवम् राजनैतिक संयन्त्रबाट निर्माण भएको बजेटमा सामान्य परिमार्जन गरी पेश गरिएको थियो भने आर्थिक वर्ष २०७५/०७६ को बजेट स्थानीय सरकारको लागि तोकिएको ढाँचा अनुसार तर्जुमा गर्दै सर्वसाधारणकालागि समेत वोधगम्य हुने गरी तर्जुमा भई कार्यान्वनमा आएको छ । यहाँहरुको अमूल्य सुझाव र परामर्शबाट नै गत वर्षको बजेट नीति तथा कार्यक्रम तर्जुमा गरिएको थियो । हामीलाई विश्वास छ कि यो वर्ष पनि हाम्रो नगरलाई अझ उत्कृष्ट नगरको रुपमा स्थापित गर्न विषय केन्द्रित भएर कुराहरु नदोहोर्याई सुझावहरु प्राप्त हुनेछन् भन्ने अपेक्षा राख्दछौं ।

ख) **पूर्व बजेट छलफलको उद्देश्यः**

- नेपालको संविधान अनुसार हामीले तीन तहको सरकारको अभ्यास गरिरहेका छौ । सरकारको रुपमा आफुलाई स्थापित गर्नको लागि पनि बजेट तर्जुमाका सर्वमान्य सिद्धान्तलाई आत्मसात गर्नुपर्दछ भन्ने मान्यताका साथ पूर्व बजेट मार्फत सुझाव संकलनको चलन बसालिएको हो । यो सन्दर्भमा हामीले देहायका उद्धेश्य राखेका छौ । नगर भित्रका विकासका नयाँ सम्भावनाहरुको पहिचान गरी ति सम्भावनालाई नीति तथा कार्यक्रमगत रुपमा सम्बोधन गर्न, नगरको विकासको बृहत् दृष्टिकोण निर्माण बनाउन,बजेटमा समाजका सबै वर्ग र समुदायको आशा र विश्वासलाई प्रतिविम्वित गराउँदै सामावेशी बजेट बनाउन, नगरको बजेटलाई केन्द्र र प्रदेश सरकारको बजेट, नीति तथा कार्यक्रमसँग तालमेल मिलाएर अगाडि बढ्न।आगामी बजेटको सिद्धान्त र प्राथिमकता निर्धारण गर्न, बजेट पारदर्शिता बढाउन, सार्वजनिक स्रोत विनियोजनमा प्रभावकारिता ल्याउन, बजेट तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनमा देखिएका समस्याहरु समाधान गर्न, उत्पादनमुखी बजेट बनाउन, उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गर्दै आर्थिक समृद्धि हासिल गर्न तर्फ बजेट केन्द्रित होस् भन्नका लागि कार्यक्रम आयोजना गरिएको हो।

ग) बजेट तर्जुमाका आधारहरु :

- **बजेट तर्जुमा गर्दा हाम्रो व्यवहारिक अनुभवका अतिरिक्त देहायका मूल नीतिहरुलाई आधार मानिएको छ ।** जस्तैनेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धमा बनेको ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०७४ का सान्दर्भिक तथा नियमहरु, संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु,समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५, विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५, नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५, (प्रदेश सरकार), तराई मधेश समृद्धि कार्यक्रम संचालन कार्यविधि २०७५, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित), स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४, सहस्राब्दी विकासका लक्ष्यहरु,तिलोत्तमा नगरपालिकाद्धारा निर्माण गरिएका ऐन, नीति, नियम, कार्यविधि, मापदण्डहरु,नगर कार्यपालिकाका निर्णयहरु, नगर सभाका निर्णयहरु, राजनैतिक नेतृत्वले प्रचलित कानूनको अधिनमा रही व्यक्त गरेका प्रतिवद्धताहरु, विकासका अन्तर सम्बन्धित विषयहरु, नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरुबाट सिर्जित दायित्वहरु, न्यायिक समितिको प्रतिवेदन,नगर अनुगमन समितिको स्थलगत अनुगमन प्रतिवेदन, नगरस्तरीय राजनैतिक दलका घोषणापत्रका केहि बुँदाहरु र स्थानीय राजनैतिक नेतृत्व, राजनैतिक समाज लगायत नागरिकहरुबाट विभिन्न सन्दर्भमा व्यक्त विचारहरु लगायतका सैद्धान्तिक तथा व्यवहारिक पक्षलाई बजेट तर्जुमा गर्दा आधार लिईएको छ । आजको छलफलमा उठेका विषयहरु समेत समावेश गरी आगामी बर्षको बजेट नीति तथा कार्यक्रम तर्जुमा गरिने छ ।

**घ) वडागत वजेट बाँडफाँटका सूचकहरु :**

- हामीले वडा कार्यालयहरुको संस्थागत विकास गरी कानूनले दिएका जिम्मेवारी वडा तहबाट सम्पादन गर्ने दृष्टकोणका साथ कामहरु अगाडि बढाई रहेका छौ तदअनुसार देहायका सूचकका आधारमा वडागत बजेटको सिलिङ्ग तय गरिएको छ ।

- जनसंख्या,भूगोल,लागत सहभागिताको अवस्था,राजस्व परिचालनको वर्तमान अवस्था,राजस्व परिचालनको क्षमता,वडाको खर्चको आवश्यकता र औचित्यता,सामाजिक सांस्कृतिक विविधताकामानव विकासको अवस्था लगायतका विषयहरु समेटिएका छन्।

**ङ) आगामी बजेटको संरचना :**

- बजेटको कूल आकार : १ अर्ब ३० करोड ४७ लाख ८५ हजार
- प्रशासनिक खर्च : १८ करोड ३ लाख ८० हजार
- समपूरक खर्च (सबै) : ७ करोड
- वडागत सिलिङ्ग : १४ करोड ६५ लाख ९० हजार
- नगरस्तरीय योजना तथा कार्यक्रम २१ करोड २२ लाख ६१ हजार
- क्रमागत आयोजनाहरु (कृषि, शिक्षा,: २३ करोड ५५ लाख ७१ हजार
- शिक्षा, स्वास्थ्य, कृषि, पशु आयुर्वेद(शशर्त): २७ करोड ५५ लाख ५४ हजार
- अन्य शशर्त ३ करोड ४ लाख २९ हजार
- सामाजिक सुरक्षा : १५ करोड ४० लाख

- वडाको सिलिङ्ग निर्धारण गर्दा स्थानीय तहमा रहेको सामाजिक तथा सांस्कृतिक विविधतालाई आधार मानि त्यस्ता क्षेत्रको ससक्तिकरणको लागि अत्यावश्यक रकमको सीमा समेत निर्धारण गरिएको छ ।
- तलब भत्ता, कार्यालय संचालनको लागि अत्यावश्यक बजेट छुट्टाईएको छ । प्रशासनिक खर्चको सीमा निर्धारण गर्दा राजस्व बाँडफाँडबाट प्राप्त रकम र आन्तरिक आयको रकम भन्दा बढी नहुने गरी मिलाईएको छ ।
- नगरपालिकाको स्रोत साधनले मात्र योजना सम्पन्न गर्न सम्भव नभएका तर नगरको विकासको लागि अत्यावश्यक एवं तोकिएको मापदण्ड पूरा गरेका योजनाहरुलाई समपूरक अनुदानबाट संचालन गर्नको लागि प्रस्ताव गरिएको छ
- नगरको अनिवार्य दायित्व छुट्टाएर बाँकी रकमलाई पारदर्शि तवरले नगरको विकासमा लगाउने उद्धेश्य रहेको छ ।

**च) क्रमागत, समपूरक, शशर्तको कार्यक्रमको पुष्टाईः**

- तिलोत्तमा भ्यूटावर, प्रमुख प्रशासनिक भवन, तिलोत्तमा सभागृह, तिलोत्तमा अतिथ गृह,वडा कार्यालयको प्रशासनिक भवन, शहरी स्वास्थ्य क्लिनिक, शिक्षा सुधार कार्यक्रम, कृषि, पशुसेवासँग सम्बन्धति योजनाहरु,**समपूरक**

**कोष तर्फ :** समपूरक कोष(संघीय सरकार), समपूरक कोष(प्रदेश सरकार) समपूरक (अन्य) **अन्य शशर्त : शिक्षा, स्वास्थ्य, पशु सेवा** लगायत । **नगरपालिका आफैले सम्पन्न गर्ने कामहरुमा :** दमकल, एम्बुलेन्स, नगर प्रहरी, फोहोरमैला व्यवस्थापन लगायत ।

**छ) प्रस्तावित प्रमुख आयोजनाहरु :**

- तिलोत्तमा प्रादेसिक बस पार्क, तिलोत्तमा सिटी कलेज (सूचना प्रविधिसँग सम्बन्धित) -१४, तिलोत्तमा औद्योगिक क्षेत्र - १०, तिलोत्तमा मासु प्रशोधन केन्द्र—१३, तिलोत्तमा अटोभिलेज - १३, तिलोत्तमा राष्ट्रिय खेलकूद मैदान - १०, कृषि हाट बजारहरु (मणिग्राम हाट बजार तिनपा- ६, सिमानगर हाट बजार तिनपा —३, गंगोलिया हाट बजार -१७, टिकुलीगढ हाट बजार - १४,}तिलोत्तमा सरसफाई केन्द्र,तिनपा- ६ र ८, सार्वजनिक शौचालय र शहरी सेवाकेन्द्र, तिलोत्तमा ढाक्रेबास एकिकृत पर्यटकीय क्षेत्र ( Integrated Tourism Region), रोहिणी पर्यटकीय क्षेत्र विकास आयोजना, तिलोत्तमा प्रसुति गृह वाड नं. १७, ( Rohini Tourism Development Project) दुग्ध व्यवसायमा अनुदान, मकै, गहुँ खेतीमा अनुदान ।

**ज) आगामी बजेटका उद्देश्यहरु :**

१. शिक्षा क्षेत्रमा लगानीको मात्रा बढाई नगरको शिक्षाको गुणस्तरमा फड्को मार्ने ।

२. गहुँ, मकै, दुध, तरकारी, माछा लगायतका कृषि बालीमा अनुदान, पशु विमा, धानबालीलाई प्रोत्साहन गर्दै संचालनमा रहेका सिचाई प्रणालीको सुद्धढीकरण गरी कृषि उत्पादन बढाउने ।

३. नगरको आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधारको विकास गरी **समृद्ध नगर : खुसी नगरबासी**को लक्ष्यलाई प्राप्त गर्ने ।

४. स्थानीय उपलब्ध स्रोत, अवसर र क्षमताको अधिकतम उपयोग गरी नगरको समग्र विकास गर्ने ।

५. नगरपालिकाको समग्र सेवा प्रवाहको गुणस्तरमा सुधार ल्याउने ।

**झ) आगामी बजेटका प्राथमिकताहरु**

१. नगरको शिक्षा प्रणालीमा परिणात्मक र गुणात्मक सुधार ल्याउने ।

२. क्रममागत रुपमा संचालनमा रहेका आयोजनाकाहरुकोनिर्माण कार्यपूरा गर्ने ।
३. कृषि, पशुपालन, पर्यटन, उद्योग, व्यापार, व्यवसाय फस्टाउन सक्ने गरी लगानीको बातावरण सिर्जना गर्ने, त्यसका लागि लगानी सम्मेलन समेत आयोजना गर्ने ।
४. नगरको मुहार फेर्ने नयाँ आयोजनाहरु संचालनमा ल्याउने ।
५. समावेशी विकास, दीगो विकास, सहस्राव्दी विकास लक्ष्य, हरियाली प्रवर्धन, वातावरण संरक्षण लगायत विकास समसामयिक मुद्धाहरुलाई निरन्तर सम्वोधन गर्ने

नगर सरकारले बजेटका उद्धेश्यहरु हासिल गर्न र प्राथमिकता कायान्वयन गर्न संघीय सरकार र प्रदेश सरकारसँग सह अस्तित्व, समन्वय र साझेदारी गर्नेछ ।नगरमा उपब्ध पूँजी, सीप र क्षमताको प्रभावकारी उपयोग गर्न सहकारी र निजी क्षेत्रसँगको सहकार्यलाई प्राथमिकतामा राखिने छ ।

**ञ) आर्थिक वर्ष २०७६/०७७ को बजेट तर्जुमाका सन्दर्भमा अहिलेसम्म सम्पादन भएका क्रियाकलापहरु :**

- बजेट तर्जुमा कार्ययोजना कार्यपालिकाबाट स्वीकृत, राजस्व परामर्श समितिको विभिन्न चरणहरुमा बैठक बसी छलफल पश्चात प्रतिवेदन प्राप्ति, चालु आर्थिक वर्षको चैत्र मसान्त सम्मको कार्यसम्पादनको समीक्षा, स्रोत अनुमान समितिको बैठक, बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक, वडागत वजेटको सिलिङ्ग, मार्गदर्शन, योजना तर्जुमाको ढाँचा लगायत तयार, पूर्ण बजेट छलफलमा छौ ।हामीले चैत्र मसान्तसम्म मात्र योजना सम्झौताका गरेका छौ त्यस पछि केहि पूर्वाधारका योजनाहरु सम्झौता हुने छैन । जेष्ठ मसान्त पछि पूर्वाधारका योजनाको भुक्तानी हुनेछैन ।

**ट) अव सम्पादन हुन बाँकी कामहरु :**

- वडागत एवं समग्र बजेट तर्जुमाको मार्गदर्शन निर्धारण, वडागत सिलिङ्ग पठाउने, विषयगत शाखासँग छलफल, सहकारी लगायत Third Sector सँग छलफल/ नीति तथा कार्यक्रम तय निर्माण, वडाबाट प्राप्त योजना

नगर स्तरीय आयोजनाहरु समेत मिलाई एकिकृत रुपमा बजेटको छलफल लगायत बजेट तर्जुमासँग सम्बन्धित चरणहरु पूरा गर्ने

**ठ) गत सालको बजेटको संरचना :**

- **गत आ.व.को कूल बजेट** :रु.१ अर्व ३५ करोड ३२ लाख ५१ हजार ।
- **प्रशासनिक बजेट** : चालू तर्फ - रु.१७ करोड ।
- **प्रशासनिक बजेट** : पूजिगत तर्फ - रु. ३ करोड ७० लाख ।
- **विकास बजेट** : रु.७६ करोड ५ लाख ५१ हजार ।
- **हाल सम्मको खर्च प्रतिशत**
  - **शिक्षा** :रु.१४ करोड ६८ लाख ९३ हजार ६ सय ८५ रुपैया (५२.१० प्रतिशत)
  - **कृषि** : रु.६१ लाख २६हजार ३ सय १४ रुपैया । (२१ प्रतिशत)
  - **उद्योग** : रु.५ लाख (३८.४६ प्रतिशत) ।

**ड) निष्कर्ष :**

- बजेट तर्जुमाका सर्वमान्य सिद्धान्तलाई आत्म साथ गर्दै बजेटलाई अधिकतम उत्पादनमूलक(Productive) बनाउनको लागि केन्द्रित छौं । बजेट तर्जुमा गर्दा नै तथ्यमा आधारित (Allocative efficiency) होस भन्ने हाम्रो चाहना हो । बजेटले नागरिकलाई ससक्तिकरण (Citizen Empowerment), परिणाममुखी (Result-Based) नागरिक स्रोतको उत्तरदायि (Accountability) तवरले खर्च होस् । नागरिकले बजेट सजिलै बुझ्न सकुन भन्ने चाहाना पनि हो । हामीले बजेट बनाउँदा नागरिकहरुको अधिकतम सहभागिता रहोस भन्ने भावनाका साथ बजेट तर्जुमाको काम अगाडि बढाएका छौं । हाम्रो चाहना बजेटमा केहि नविनतम विचारहरु (Innovative Idea) हरुको पनि प्राप्त हुन भन्ने अपेक्षा पनि हो ।

**प्रस्तुतकर्ता : कृष्णप्रसाद सापकोटा प्रमुख प्रशासकीय अधिकृत, ति.न.पा.**

## वडास्तरीय बजेट तर्जुमा मार्गदर्शन आ.व. २०७६।०७७

<u>वस्ती तहका योजना छनौट गर्दा निम्नानुसार गर्नुपर्दछ ।</u>

- वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने वडा सदस्यहरुलाई विभिन्न बस्ती/टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी बाँडफाँड गर्ने,
- प्रत्येक वडाले वडा भित्रका वस्तीहरुमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनुपर्ने,
- वस्तीतहका योजना छनौट गर्दा सो वस्ती भित्रका सबै बर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित बर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग आदि) को प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था मिलाउनु पर्ने,
- टोल/वस्तीमा हुने योजना तर्जुमा प्रकृयामा टोल, वस्ती भित्रका क्रियाशील सामुदायिक संस्थाहरु (सहकारी, टोल विकास संस्था, आमा समूह, वाल क्लव/सञ्जाल, युवा क्लव, गैसस, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूह) लाई पनि सहभागी गराउनु पर्नेछ ।

**योजना तर्जुमा गर्दा देहाय बमोजिमका आयोजनाहरुलाई प्राथमिकता दिने ।**

**कृषि, सहकारी, सिचाई :**

- कृषक समूह, कृषि सहकारी, कृषि विउविजन, नश्ल, मलखादलाई टेवा पुऱ्याउने र हाट वजार संचालन र व्यवस्थापन गर्ने कार्यक्रमहरु प्रस्ताव गर्न सकिने । पशुनश्ल सुधार कार्यक्रमलाई टेवा पुऱ्याउने ।
- सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि पूर्व सहकारी शिक्षा समूह सहकारीकरण लगायतका सहकारी प्रर्वद्धन सम्बन्धी कार्यक्रमहरु ।
- कृषक क्षमता विकास तथा छाडा चौपाय नियन्त्रण कार्यक्रम, प्राङ्गारिक खेती तथा मलको प्रवद्र्धन ।
- कृषि सहकारीसँगको सहकार्यमा सामुदायिक बिउबिजन प्रशोधन तथा वितरण कार्य गर्ने ।

- तरकारी खेती, मत्स्यपालन, पुष्प व्यवसाय, मौरीपालन तथा च्याउ खेतीमा युवाहरूलाई आकर्षित गर्न युवा लक्षित कार्यक्रम सञ्चालन गरी व्यवसाय सञ्चालनमा लागत सहभागिताको आधारमा संचालन गरिने कार्यक्रम, वडा भित्रका उत्कृष्ठ कृषकलाई पुरस्कृत गर्ने कार्यक्रम ।
- गाई, भैंसी, बङ्गुर र बाख्राको कृत्रिम गर्भाधान कार्यक्रम गरी उन्नत नस्लका पशुहरूको सङ्ख्यामा वृद्धि गर्ने कार्यक्रम ।
- गाई/भैंसी/पाडा/बाच्छी पालन तथासंरक्षण कार्यक्रममा सहयोग पुऱ्याउने
- इनार, ट्युवेल, भूमिगत सिँचाइका लागत साभेदारीमा आधारित लगयात नयाँ प्रविधिमा आधारित अन्य सिँचाइ कार्यक्रम, नदी उकास क्षेत्रको संरक्षण ।

**वन तथा वातावरण :**

- वडास्तरमा रहेका पानीको मुहान संरक्षण, तटवन्ध, नदी नियन्त्रण, सिँचाइ प्रणालीको निर्माण, संचालन र रेखदेख गर्ने कार्यक्रम ।
- खाली क्षेत्रमा वृक्षारोपण, हरित क्षेत्र संरक्षण, बगैचा निर्माण गर्ने खालका कार्यक्रम ।
- लागत सहभागितामा सामुदायिक वन उपभोक्ता समूहहरूको संस्थागत सुदृढीकरण कार्यक्रम ।
- सार्वजनिक जग्गामा कृषि वन व्यवस्थापन स्थानीय जनताको सहभागितामा कृषि वन कार्यक्रम सञ्चालन वन पैदावारको उत्पादन गरी वन क्षेत्रमा हुने चापलाई न्यूनीकरण गर्दै कृषि तथा पशु विकासमा टेवा पुऱ्याउन र स्थानीय वातावरणीय सन्तुलनसम्बन्धी कार्यक्रम । वन नर्सरी स्थापना गर्ने कार्यक्रम ।

**स्वास्थ्य तथा सरसफाई :**

- सरसफाई सचेतनाको अभिवृद्धि र फोहोरमैलाको व्यवस्थापन (फोहोरमैला संकलन पुनःउपभोग प्रशोधन र विसर्जनलाई टेवा पुर्याउने खालका (यस्ता कार्यक्रम प्रस्ताव गर्दा गल्ने र नगल्ने फोहोरलाई छुट्टिने कुराको सुनिश्चित हुने पर्ने । )
- शहरी स्वास्थ्य र गाउँघर क्लिनिक सेवा संचालनका लागि आधारभूत रुपमा टेवा पुर्याउने,

- किशोर किशोरीहरूलाई साथी शिक्षा (Peer education), प्रजनन स्वास्थ्य र यौनसम्बन्धी विषयहरूमा चेतना अभिवृद्धि गरी सभ्य र सुरक्षित व्यवहार प्रर्वद्धन गर्ने कार्यक्रम ।
- ल्याब संचालन र व्यवस्थापनमा सहयोग पुग्ने कार्यक्रम ।

**स्थानीय कला, संस्कृति, भाषा संरक्षणः**

- धार्मिक, पुरातात्विक तथा ऐतिहासिक सम्पदाहरूको संरक्षण र सर्वद्धन गर्ने कार्यक्रम ।
- मौलिक संस्कृतिहरूको जगेर्ना गर्दै सांस्कृतिक पर्यटनको प्रर्वद्धन गर्ने कार्यक्रम ।
- वडास्तरीय भाषा संस्कृती संरक्षण र प्रर्वद्धन, खेलकुद संरचनाको पूर्वाधार निर्माण संचालन र विकास गर्ने खालका योजनाहरुलाई आवश्यकताको आधारमा समेटन सकिने ।

**शिक्षा :**

- प्रारम्भिक बालशिक्षालाई व्यवस्थित रूपमा सञ्चालनका लागि आवश्यक पर्ने शैक्षिक सामग्री, व्यवस्थित कक्षा कोठाको निर्माण ।
- सामुदायिक विद्यालयहरुका पूर्वाधार तथाईसिडि कक्षा व्यवस्थापन र स्थानीय स्रोत समेत परिचालन गरी विद्यालय तारवार कार्यक्रम ।
- स्थानीय स्रोत सहितको विद्यार्थी भर्ना अभियानलाई टेवा पुर्याउने कार्यक्रम

**समावेशी विकास विकास :**

- जेष्ठ नागरिक क्लव, भेटघाट स्थलको निर्माण, संरक्षण, व्यवस्थापन, जेष्ठ नागरिकमैत्री पार्क र सेवाकेन्द्र निर्माणका आयोजनाहरु, महिला, बालबालिका, आदिवासी, जनजाती, दलित तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने र रोजगार सिर्जना गर्ने, क्षमता अभिवृद्धि हुने ।

**अन्य :**

- नगरपालिकाले अभियानात्मक रुपमा अगाडि सारेका कार्यक्रम जस्तै प्लाष्टिक झोला, गिलास र चम्चाको प्रयोग निषेधित कार्यक्रम, नगर

सरसफाई र हरियाली प्रर्वद्धन, गल्ने फोहोर नगल्ने फोहोर व्यवस्थापन, टोल विकास संस्थाको क्षमता अभिवृद्धि लगायतका कार्यक्रम ।

- फारम उल्लेख भए अनुसार ।

**कस्ता आयोजनाहरु छनौट गर्ने :**

१. विगतका अधुरा योजनालाई सम्पन्न गर्नको लागि प्राथमिकता दिने ।

२. अधिकतम लागत सहभागिता जुट्ने खालका आयोजनाहरुलाई प्राथमिकता दिने ।

३. एक आ.व. मा सम्पन्न हुने खालका आयोजनाहरुलाई ।

४. कृषिको प्रर्वद्धन हुने खालको, आयमूलक र स्वरोजगारमूलक सिर्जना हुन खालका ।

५. वन वातावरण संरक्षण र सम्वर्धन गर्ने खालको, न.पा. को आर्थिक र प्राविधिक क्षमताले गर्न सक्ने खालको, आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने योजनाहरुको सुरुमा नै ल.ई. तयार गरी ल.ई. का आधारमा वजेट विनियोजनको व्यवस्था गर्ने ।

- राजस्व परिचालन गर्न सहयोग पुर्याउने कार्यक्रमहरु ।

**योजनासँग पठाउनु पर्ने कागजातहरु :**

- नगरपालिकाले उपलब्ध गराएको फाराम अनुसार भर्नु पर्ने ।
- फारम भर्दा Preeti Font १६ र अंकमा FontacyHimali TT Font प्रयोग गर्ने ।
- वडा समितिको सिफारिस र वृहत भेलाको माईन्यूट समेत पठाउनु पर्ने ।
- वडा अध्यक्षले प्रमाणित गरेको कभरिङ्ग लेटर ।

**योजना तर्जुमा सम्बन्धी मार्गदर्शन, योजना माग फारम तथा बजेट सिलिङ्ग पठाउने पत्रको नमूना**

**विषय : योजना तर्जुमा सम्बन्धी मार्गदर्शन, योजना माग फारम तथा बजेट सिलिङ्ग पठाइएको सम्बन्धमा ।**

श्री वडा कार्यालय (सबै)
तिलोत्तमा नगरपालिका, रुपन्देही ।

प्रस्तुत विषयमा आ.व. ०७६/०७७ को वार्षिक बजेट, नीति तथा कार्यक्रम तयार गर्नको लागि योजना तर्जुमा सम्बन्धी मार्गदर्शन, योजना माग फारामको ढाँचा तथा बजेट सिलिङ्ग यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । देहायका बुँदाहरुलाई आधार मानी पछि फरक नपर्ने गरी तोकिएको ढाँचामा पठाउनुहुन अनुरोध छ ।

- बजेट तर्जुमा गरी पठाउँदा वडा समितिको निर्णयद्धारा प्रमाणित गरेर पठाउनु पर्नेछ । योजना तर्जुमा गर्दा वडास्तर/वस्तीस्तरमा वृहत् छलफल गरी योजना तर्जुमा गर्नुपर्नेछ ।
- आर्थिक वर्षको बीचमा कुनै पनि योजनाको संशोधन नगरिने भएको हुँदा सोही अनुसार योजना तर्जुमा गर्नुपर्नेछ ।
- कार्यक्रममा दोहोरो नपर्ने गरी योजना प्रस्ताव गर्नुपर्नेछ ।
- योजना माग फाराम भर्दा अक्षरमा Preeti Font र अंकमा Fontacy Himali TT Font प्रयोग गरी सफ्ट कपी सहित पठाउनु पर्नेछ ।
- क्रमागत योजनाको हकमा बाहेक ३ लाख भन्दा कमका आयोजनाहरु प्रस्ताव गर्न सकिनेछैन ।
- यस भन्दा अगाडि निर्माण भई भत्केका कालोपत्रे सडकको मर्मतलाई प्राथमिकता दिनुपर्नेछ ।आकस्मिक पूर्वाधारको रकम वर्षभरीमा आइपर्ने सानातिना र आकस्मिक विकास निर्माण, विपद् व्यवस्थापन, कूलो, कल्भर्ट लगायतका विषयलाई सम्बोधन गर्नुपर्नेछ ।
- कार्यालय संचालन खर्चको बजेट सिलिङ्ग : पूँजीगत खर्चको सिलिङ्ग : रु.

**वडास्तरीय योजना तथा कार्यक्रम माग फारामको नमुना**

| संकेत नम्बर | शीर्षक | योजना संचालन स्थल | आ.व. ०७६।०७७ को अनुमान |
|---|---|---|---|
| **१०** | **आर्थिक विकास** | | |
| १०१० | कृषि | | |
| १०२० | उद्योग तथा वाणिज्य | | |
| १०३० | पर्यटन | | |
| १०४० | सहकारी | | |
| १०५० | वित्तीय साक्षरता | | |
| **२०** | **सामाजिक विकास** | | |
| २०१० | शिक्षा | | |
| २०२० | स्वास्थ्य | | |
| २०३० | खानेपानी तथा सरसफाई | | |
| २०४० | सस्कृति प्रवर्द्धन | | |
| २०५० | खेलकुद तथा मनोरञ्जन | | |

| | | | |
|---|---|---|---|
| २०६० | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | | |
| ३० | पुर्वाधार विकास | | |
| ३०१० | स्थानीय सडक तथा पुल | | |
| | सडक कालोपत्रे | | |
| | सडक मर्मत | | |
| | कल्भर्ट निर्माण | | |
| | ह्युम पाईप | | |
| ३०२० | सिचाई | | |
| | नाली निर्माण | | |
| ३०३० | भवन तथा शहरी विकास | | |
| ३०४० | उर्जा (वैकल्पिक उर्जा) | | |
| | विद्युत पोल | | |
| ३०५० | सञ्चार प्रविधि | | |
| ४० | वातावरण तथा विपद् व्यवस्थापन | | |
| ४०१० | वन तथा भू संरक्षण | | |
| ४०२० | जलाधार संरक्षण | | |
| | | | |
| ४०३० | वातावरण संरक्षण, जलवायु परिवर्तन | | |
| ४०४० | फोहरमैला तथा ढल व्यवस्थापन | | |
| ४०५० | जल उत्पन्न प्रकोप  नियन्त्रण | | |
| ४०६० | विपत व्यवस्थापन | | |
| ५० | संस्थागत विकास तथा सेवा प्रवाह सुशासन | | |
| ५०६० | सुशासन प्रवर्द्धन | | |
| ५०७० | अनुसन्धान तथा विकास | | |

आ.व. ०७६/०७७ को लागि वडागत प्रशासनिक खर्चको बजेट सिलिङ रु. हजारमा

| वडा नं. | संचालन खर्च (चालु) | | | | | | | पुजिगत खर्च | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विविध ( खाजा) | बैठक भत्ता | इन्धन | संचार इन्टरनेट समेत | पानी विजुली महशुल | कार्यालय संचालन खर्च | चालुको जम्मा | समावेशी कार्यक्रम | आकस्मिक पूर्वाधार कार्यक्रम | अन्य पूजिगत कार्यक्रम | पुजिगतको जम्मा | कूल जम्मा |
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | ११ | १२ | १३ |
| १ | ११५ | २१६ | ७० | ४० | ५० | १५० | ६४१ | ४७० | १००० | ७८०० | ९२७० | ९९११ |
| २ | ११५ | २१६ | ७० | ४० | ५० | १५० | ६४१ | ४७० | १००० | ७८०० | ९२७० | ९९११ |
| ३ | ११५ | २१६ | ७० | ४० | ५० | १५० | ६४१ | ४७० | १००० | ७३०० | ८७७० | ९४११ |
| ४ | ११५ | २१६ | ७० | ४० | ५० | १५० | ६४१ | ४७० | १००० | ७३०० | ८७७० | ९४११ |
| ५ | ११५ | २१६ | ७० | ४० | ५० | १५० | ६४१ | ४७० | १००० | ७३०० | ८७७० | ९४११ |
| ६ | ११५ | २१६ | ७० | ४० | ५० | १५० | ६४१ | ४७० | १००० | ८३०० | ९७७० | १०४११ |
| ७ | ११५ | २१६ | ७० | ४० | ५० | १५० | ६४१ | ४७० | १००० | ७८०० | ९२७० | ९९११ |
| ८ | ११५ | २१६ | ७० | ४० | ५० | १५० | ६४१ | ४७० | १००० | ६८०० | ८२७० | ८९११ |
| ९ | ११५ | २१६ | ७० | ४० | ५० | १५० | ६४१ | ४७० | १००० | ६८०० | ८२७० | ८९११ |
| १० | ११५ | २१६ | ७० | ४० | ५० | १५० | ६४१ | ४७० | १००० | ६३०० | ७७७० | ८४११ |
| ११ | ११५ | २१६ | ७० | ४० | ५० | १५० | ६४१ | ४७० | १००० | ६८०० | ८२७० | ८९११ |
| १२ | ११५ | २१६ | ७० | ४० | ५० | १५० | ६४१ | ४७० | १००० | ६३०० | ७७७० | ८४११ |
| १३ | ११५ | २१६ | ७० | ४० | ५० | १५० | ६४१ | ४७० | १००० | ६३०० | ७७७० | ८४११ |
| १४ | ११५ | २१६ | ७० | ४० | ५० | १५० | ६४१ | ४७० | १००० | ७३०० | ८७७० | ९४११ |
| १५ | ११५ | २१६ | ७० | ४० | ५० | १५० | ६४१ | ४७० | १००० | ६८०० | ८२७० | ८९११ |
| १६ | ११५ | २१६ | ७० | ४० | ५० | १५० | ६४१ | ४७० | १००० | ६८०० | ८२७० | ८९११ |
| १७ | ११५ | २१६ | ७० | ४० | ५० | १५० | ६४१ | ४७० | १००० | ७८०० | ९२७० | ९९११ |
| जम्मा | १९५५ | ३६७२ | ११९० | ६८० | ८५० | २५५० | १०८९७ | ७९९० | १७००० | १२१६०० | १४६५९० | १५७४८७ |